# प्रदेश सभा
## प्रदेश नं. ४
## दोश्रो अधिवेशन
## (तेस्रो बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण
### मिति : २०७५।०२।१७ गते, दिनको ४:०० बजे

प्रदेश सभा गण्डकी प्रदेशको दोश्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय उपसभामुख श्री श्रृजना शर्माज्यूको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।
सर्वप्रथम, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश नं. ४ प्रदेश सभा नियमावलीको प्रथम १३३ को उपनियम २ बमोजिम आर्थिक वर्ष २०७५।७६ को बजेट तयारीको लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता कर प्रस्ताव बाहेक प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यू
माननीय सभामुख महोदय, प्रदेश नं. ४ प्रदेशसभा नियमावलीको नियम १३३ को उपनियम २ बमोजिम आर्थिक वर्ष २०७५।७६ को बजेट तयारीका लागि विनियोजन विधेयक सिद्धान्त र प्राथमिकता कर प्रस्ताव बाहेक सभा समक्ष प्रस्तुत गर्दछु ।
माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५।७६ का लागि प्रदेश नं. ४ प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम २ अनुसार विनियोजन विधेयक २०७५ मा समावेश हुने सिद्धान्त र प्राथमिकता यस गरिमामय प्रदेश सभामा छलफल का लागि प्रस्तुत गर्न चाहान्छु । दिगो शान्ति र सुशासन कायम गर्दै सम्रग आर्थिक सामाजिक विकासको माध्यमबाट सबै प्रकारका विभेद, पछौटेपन र गरिवीको अन्त्य गर्दै संतुलित रुपमा समृद प्रदेश निर्माण गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको छ । आगामी आर्थिक वर्ष ७५।७६ को बजेटले समाजवाद उन्मुख अर्थव्यवस्थाको आधारशीला खडा गर्ने विश्वास लिएको छु । स्थिर सरकारको माध्यमबाट प्रदेशमा लगानीको वातावरणलाई वातावरणमा सुधार हुने, सरकारी लगानीलाई समृद्ध प्रदेश निर्माणका क्षेत्रमा केन्द्रित गर्ने र निजी तथा सहकारी क्षेत्रको लगानीबाट उत्पादन वृद्धि र व्यापक

मात्रामा रोजगारीको अवसर सिर्जना गर्ने आधार तय हुने विश्वास लिएको छु । प्रदेशको अधिकार सुचि भित्रका कर तथा गैरकर राजश्वका आन्तरिक श्रोतको परिचालन गर्न प्रगतिशील कर प्रणाली अवलम्वन गरी कर को आधार तथा विस्तार गरिनेछ । संघीय सरकारबाट प्राप्त हुने सबै प्रकारका अनुदान समेतको परिचालनद्धारा आर्थिक वर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम तर्जुमा गरिने छ ।

सभामुख महोदय, विनियोजन विधेयक २०७५ का सिद्धान्तहरु प्रस्तुत गर्न चाहान्छु ।

(क) विनियोजनका आधार : बजेट तर्जुमा गर्दा संघीय आर्थिक नीति र दिगो विकासका लक्षहरुलाई विनियोजन विधेयकको सिद्धान्त तथा प्राथमिकताको आधारको रुपमा लिइने छ। साथै प्रदेशको समृद्धिका लागि संघ, प्रदेश र स्थानिय सरकार सँगको सहकार्य र सहलगानीबाट विकासलाई अघि बढाइने छ ।

(ख) श्रोत व्यवस्थापन : सरकार निजी र सहकारी क्षेत्रको सहकार्यमा उपलव्ध श्रोत र साधनको दिगो व्यवस्थापन र प्रयोगबाट दिगो आर्थिक विकासको आधारशीला खडा गर्दे सुदृण, सवल र आत्मनिर्भर अर्थतन्त्रको विकास गरिने छ । लगानीमैत्री वातावरण सिर्जना गर्दे आर्थिक गतिविधिको विकास र विस्तार गरिने छ ।

(ग) लक्ष निर्धारण : आगामी वर्षको बजेट प्रस्तुत गर्दा प्रदेशका आगामी पाँचवर्ष भित्र आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका लक्ष निर्धारण गरिने छ । र निर्धारित लक्ष हासिल हुने गरी बजेट विनियोजन गरिने छ ।

(घ) भौतिक पूर्वाधार : उच्च प्रतिफल दिने दिगो र गुणस्तरीय भौतिक पूर्वाधार निर्माणका कार्यक्रमका प्राथमिकिकरण गरी लगानी केन्द्रित गरिनेछ ।

(ङ) गरिवी निवारण : रोजगारीका अवसरको सिर्जना गरी गरिवी निवारणका लागि उपलब्ध साधन र श्रोतको उच्चतम प्रयोग गरिने छ ।

(च) सामाजिक संरक्षण : स्थानिय ज्ञान, सीप र क्षमताको अभिवृद्धि गर्दे अति वित्पन्न तथा अल्पसंख्यक समुदायका लागि सामाजिक संरक्षणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

(छ) सुशासन : प्रदेशको संगठन संरचना स्वीकृत गरी प्रदेशका सेवा र कार्यको थालनी गरिने छ । सुशासन प्रवर्द्धनका लागि सेवाप्रवाहलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाइने छ ।

(ज) श्रोतव्यवस्थापन : प्रदेश भित्र रहेका जलश्रोत, खनिज, वनजंगल लगायत का प्राकृतिक श्रोतको परिचालन गरी दिगो व्यवस्थापनमा जोड दिइनेछ ।

(झ) विनियोजन दक्षता : खर्च प्रणालीमा विनियोजन दक्षता र संचालन कुशलता अभिवृद्धि गरी वित्तिय व्यवस्थालाई सुढृण गरिनेछ ।

(ञ) सहकार्य र संयन्त्र समन्वय : नेपाल सरकारबाट हस्तान्तरण भइ आउने आयोजना तथा कार्यक्रमहरुलाई बजेटमा समावेश गरी संचालन गरिनेछ । स्थानिय तहसँग लागत सहभागिताका आधारमा सहकार्य र समन्वय गरिनेछ ।

(त) नीतिगत सामान्जयता : बजेट तर्जुमा गर्दा संघीय सरकारले जारी गर्ने वित्त नीति र नेपाल राष्ट्बैकले जारी गर्ने मौद्रिक नीति सँग सामान्जस्यता कायम हुने गरी बजेट प्रस्तुत गरिनेछ ।

सभामुख महोदय, आर्थिक वर्ष २०७५।७६ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु । चालु आर्थिक वर्ष ७४।७५ को बजेटले निर्धारण गरेका उद्देश्यहरुलाई नै निरन्तरता दिएको छु । बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन ।

(क) जनशक्तिसहितको प्रदेश संरचनाको प्रवन्ध मिलाउने,

(ख) संतुलनसहितको प्रादेशिक विकास गर्ने,

(ग) प्रदेशमा लगानीमैत्री वातावरणको सिर्जना गर्ने,

(घ) रोजगारीका अवसरको सिर्जना गर्ने,

(ङ) गरिवी निवारण गर्ने ।

सभामुख महोदय, विनियोजन विधेयक २०७५ का प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु । बजेटको उद्देश्य हासिल गर्न देहायका क्षेत्रलाई उच्च प्राथमिकतामा राखि बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

(क) भौतिक पूर्वाधार क्षेत्रः प्रदेशका गौरवका आयोजनामा लगानी बढाइने छ । प्रदेशको राजधानीसँग जोड्ने सडक संजाल निर्माणमा जोड दिइनेछ । एकिकृत बस्ती विकास र आधुनिक शहर निर्माणका लागि उच्च प्राथमिकता दिइनेछ । सडक, पुल, नहर, खानेपानी, अस्पताल, विधालय, पार्क र शहरी तथा ग्रामीण क्षेत्रको भौतिक पूर्वाधारको विकासलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ । ठुला पूर्वाधार र महत्वपूर्ण आयोजनाको प्रभावकारीता र नतिजामुलक कार्यान्वयनमा जोड दिइनेछ ।

कृषि क्षेत्रः आधुनिक एंव व्यवसायिक कृषिका लागि उन्नत खेती र उच्च मुल्य श्रृंखला भएका वालीका विकास र विस्तार तथा पशुपालन र फलफुल खेतीको विकासमा जोड दिइनेछ । सिंचाईको सुविधा विस्तार, उन्नत विउविजन,मलखादको व्यवस्था तथा अर्गानिक खेतीलाई प्राथमिकता दिइनेछ । कृषिभूमि बाँझो राख्नेलाई निरुत्साहित गरी कृषिको उत्पादन बढाइनेछ । नमूना कृषि फर्महरु संचालन गरिनेछ । कषिक्षेत्रमा रहेको बिचौलियाको अन्त गर्न बजारमा सहज पहुँचको व्यवस्था मिलाइने छ ।

सामाजिक क्षेत्र : दिगो विकासका लक्षहरु हासिल हुने गरी शिक्षा, स्वास्थ्य, खानेपानी, र सरसफाई जस्ता आधारभूत सामाजिक क्षेत्रमा पहुच पुर्‍याउन जोड दिइनेछ ।

पर्यटन क्षेत्र : पर्यटन क्षेत्रको विकासबाट आन्तरिक उत्पादन र रोजगारीहरु अभिवृद्धि हुने गरी पर्यटन पूर्वाधारका कार्यक्रमहरु संचालन गरिनेछ। सांस्कृतिक धार्मिक र ग्रामीण

पर्यटनको प्रर्वद्धनद्धारा आन्तरीक एंव वाहय पर्यटनमा वृद्धि गरिनेछ । पर्यटन क्षेत्रलाई गुणस्तरीय बनाउन जोड दिइनेछ ।

उर्जा क्षेत्र : प्रदेशको आर्थिक समृद्धिका लागि उर्जा क्षेत्रमा लगानी केन्द्रित गरिनेछ । सरकार, नीजि र सहकारी क्षेत्रको सहकार्यमा जलविधुत आयोजना निर्माण गर्ने व्यवस्था मिलाइनेछ । गाउँवस्तीमा विधुतीकरणको प्रवन्ध मिलाइनेछ ।

औधोगिक क्षेत्र : आर्थिकबृद्धि र रोजगारी सिर्जनाका लागि औधोगिक क्षेत्रको विकासमा जोड दिइनेछ । लघु,घरेलु र साना तथा मझोला उधोगको स्थापनाका लागि प्रोत्साहन गरिनेछ । परम्परागत ज्ञान र सीपमा आधारित हस्तकलाका साम्रगी उत्पादन र प्रर्वद्धनमा जोड दिइनेछ ।

जलश्रोत क्षेत्र : जलश्रोतको उपयोग गर्दै सिचाई नदी नियन्त्रण र पर्यटकीय जलमार्ग लगायतका कार्यक्रम संचालन गरिनेछ ।

खेलकुद क्षेत्र : खेलकुद क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रियस्तरको खेलकुद मैदान तथा रंगशाला निर्माणलाई प्राथमिकता दिइनेछ । साथै खेलकुद क्षेत्रको विकासको निम्ति विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

सभामुख महोदय, अब म विनियोजन विधेयक २०७५ मा बजेट विनियोजनका लागि अवलमवन गरिने प्रमुख नीतिहरु प्रस्तुत गर्न चाहान्छु ।

योजना तर्जुमा तथा कार्यान्वयन: श्रोत परिचालन र सेवा प्रवाहमा संघ, प्रदेश र स्थानिय तहका बीचमा समन्वय कायम गरिनेछ । प्रदेशको आर्थिक विकासमा नीजि क्षेत्रको भूमिकालाई प्रर्वद्धन गरिनेछ । उधोग क्षेत्रको विकास र विस्तारका लागि आर्थिक, औधोगिक कोरिडोर र विशेष आर्थिक क्षेत्रको विकास गर्ने व्यवस्था मिलाइनेछ । प्रदेशमा उपलब्ध प्राकृतिक श्रोतको दिगो व्यवस्थापनमा मानवीय श्रोतको उच्चतम उपयोग गर्दे आर्थिक, सामाजिक रुपान्तरण गरिनेछ । स्वदेशी लगानीलाई प्राथमिकता दिई बैदेशिक लगानी आकर्षित गरी रोजगारीको अवसर सिर्जना गर्दे गरिवी निवारण गरिने। सहकारी क्षेत्रलाई विकासको साझेदारको रुपमा अगाडि बढाइनेछ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन जोड दिइनेछ । वन तथा वन पैदावरको दिगो व्यवस्थापन गर्दे

जलवायु परिवर्तन अनुकुलन कार्यक्रम संचालन गरिनेछ। शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई सेवामा पहुच र गुणस्तरीयता सुनिश्चीत गरिनेछ। व्यवसायीक तथा प्राविधिक शिक्षामा जोड दिइनेछ। जलउत्पन्न प्रकोप तथा नदी नियन्त्रणका कार्यक्रम संचालन गरिनेछ । सीमान्तकृत र अल्पसंख्यक समुदायका लागि सामाजिक संरक्षणका कार्यक्रम संचालन गरिनेछ। वंचितीकरण र वहिसकरणमा परेका हिंसा पिडित महिलाहरुको पुर्नस्थापना, संरक्षण र सशक्तिकरणका

कार्यक्रम संचालन गरिनेछ। सार्वजनिक सेवालाई नागरिकमैत्री बनाउन विधुतिय सुशासनमा जोड दिइनेछ ।

माननीय सभामुख महोदय, मैले सम्मानित प्रदेशसभा समक्ष पेश गरेका विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिका संवन्धमा माननीय सदस्यहरुले छलफल गरी प्रदान गर्नुहुने सुझाव लाई आगामी आर्थिक वर्ष ०७५।७६ को बजेट तर्जुमा गर्दा मार्गदर्शनको रुपमा लिइने विश्वास दिलाउन चाहान्छु । साथै बजेट प्रस्तुत गर्नुपूर्व विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता यस सम्मानित सदनमा प्रस्तुत गर्ने अवसर दिनुभएकोमा म माननीय सभामुख प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु। धन्यवाद ।

## माननीय सभामुखज्यू

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल जेठ १८ गते दिनको १:०० बजे सम्मको लागि स्थगित हुन्छ ।**